# आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेशबाट सञ्चालन गरिने आयोजना/कार्यक्रमको लागि प्रस्ताव आह्वान गरिएको सूचना

*(प्रकाशित मितिः २०८२/१२/०९)*

**आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन कार्यविधि,२०८२** बमोजिम स्थानीय तह र प्रदेश सरकार मातहतका कार्यालयबाट आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयन हुने आयोजना/ कायक्रमहरुको लागि प्रस्ताव सहित विवरणहरू ऐ. कार्यविधिमा व्यवस्था भए बमोजिम आयोजना बैङ्क सूचना प्रणाली (अनलाइन प्रणाली)मार्फत २०८३ साल वैशाख ५ गते भित्रमा प्रस्ताव पेस गर्न हुन कोशी प्रदेश अन्तर्गतका स्थानीय तह तथा कार्यालयको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**क. स्थानीय तहले अनलाइन प्रणालीमार्फत प्रस्ताव पेस गर्नु पर्नेछ । प्रणालीमा आयोजना प्रस्ताव गर्दा देहायका विषय ध्यान दिनु पर्नेछ :**

१. स्थानीय तहलाई अभिमुखीकरण पश्चात् उपलब्ध गराइने प्रणालीको यूजर नेम र पासवर्ड उपलब्ध गराइनेछ। सो प्राप्त नभसम्मको लागि **आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन कार्यविधि,२०८२** बमोजिम आयोजनाहरूका सम्बन्धमा माग प्रस्ताव र अन्य अनुसूचीहरूका आधारमा वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण सम्बन्धमा पूर्व तयारी गर्न सकिनेछ ।

२. आयोजना बैङ्क सूचना प्रणालीमार्फत आयोजना प्रस्ताव गर्दा कायम रहेको न्यूनतम सीमा निम्न अनुसार हुनु पर्नेछ :

| क्र.सं. | आयोजनाको प्रकृति | रकम |
|---|---|---|
| (क) | सडक तथा पुल | - रू. १ करोड |
| (ख) | भवन | - रू. २५ लाख |
| (ग) | झोलुङ्गेपुल | - रू. २५ लाख |
| (घ) | सिंचाई | - रू. २५ लाख |
| (ङ) | शिक्षा तथा स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधार | - रू. २५ लाख |
| (च) | खेलकुद सम्बन्धी भौतिक पूर्वाधार | - रू. २५ लाख |
| (छ) | खानेपानी आयोजना | - रू. २५ लाख |
| (ज) | पर्यटन प्रवर्द्धन सम्बन्धी पूर्वाधार | - रू. ५० लाख |
| (झ) | धार्मिक तथा साँस्कृतिक क्षेत्रका पूर्वाधार | - रू. २५ लाख |
| (ञ) | कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी पूर्वाधार | - रू. २५ लाख |
| (ट) | शहरी क्षेत्रको ढल तथा नाली निर्माण | - रू. २५ लाख |
| (ठ) | प्रदेशको एकल अधिकार क्षेत्रभित्रका जुनसुकै पूर्वाधार | - रू. २५ लाख |
| (ड) | माथि उल्लेख भए बाहेकका अन्य आयोजना | - रू. २५ लाख |

तर बहुवर्षीय आयोजना सञ्चालन गर्दा अधिकतम सीमा- सामाजिक पुर्वाधारको आयोजना/कार्यक्रममा रु. १५ करोड र अन्य आयोजनाको हकमा ३० करोड भन्दा बढीको प्रस्ताव गर्न पाइने छैन् ।



उप-सचिव

३. स्थानीय तहले देहायबमोजिम प्रदेश मन्त्रालयको तोकिए बमोजिमका कार्यालयमा मात्र आयोजना/कार्यक्रम प्रस्ताव गर्नु पर्नेछ :

१. भौतिक पूर्वाधार विकास मन्त्रालय

**सडक तथा पुल , झोलुङ्गे पुल, शहरी विकासका पूर्वाधार , भवन तथा अन्य पूर्वाधार सम्बन्धी आयोजनाहरू** - जिल्ला स्थित पूर्वाधार विकास कार्यालयहरू

२. खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय

**ऊर्जा सम्बन्धी आयोजनाहरू** - खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय

**जलस्रोत तथा सिँचाई सम्बन्धी आयोजनहरु** - प्रत्येक जिल्लाका जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरू

**खानेपानी तथा सरसफाई ढल तथा नाली निर्माण-**

| जिल्ला | कार्यालय | जिल्ला | कार्यालय |
|---|---|---|---|
| ताप्लेजुङ र पाँचथर | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पाँचथर | मोरङ र सुनसरी | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुनसरी |
| इलाम र झापा | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, झापा | सोलुखुम्बु र ओखलढुङ्गा | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, ओखलढुङ्गा |
| संखुवासभा र भोजपुर | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भोजपुर | खोटाङ र उदयपुर | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, खोटाङ |
| धनकुटा र तेह्रथुम | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धनकुटा | | |

३. उद्योग, कृषि तथा सहकारी मन्त्रालय

**पशुपक्षी सम्बन्धी आयोजना/ कार्यक्रम** - जिल्ला स्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,

**कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी आयोजना/कार्यक्रम** - जिल्ला स्थित कृषि ज्ञान केन्द्र

**उद्योग तथा व्यावसायिक सीप सम्बन्धी आयोजना/कार्यक्रम** - जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय

**सहकारी सँग सम्बन्धी आयोजना/कार्यक्रम** –– प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, इनरुवा, सुनसरी

कोशी प्रदेश सरकार प्रदेश योजना आयोग विराटनगर, नेपाल

उप-सचिव

४. पर्यटन, वन तथा वातावरण मन्त्रालय

**वन, भू तथा जलाधार व्यवस्थापन लगायतका आयोजना/कार्यक्रम** - जिल्ला स्थित डिभिजन वन कार्यालय

**पर्यटन प्रवर्द्धन तथा विकास सम्बन्धी आयोजना/कार्यक्रम -**

| जिल्ला | कार्यालय | जिल्ला | कार्यालय |
|---|---|---|---|
| इलाम , झापा, ताप्लेजुङ र पाँचथर | पर्यटन कार्यालय, काँकडभिट्टा, झापा । | अन्य जिल्लाहरु (मोरङ, सुनसरी , सोलुखुम्बु ओखलढुङ्गा ,संखुवासभा , भोजपुर , खोटाङ , उदयपुर, धनकुटा र तेह्रथुम) | पर्यटन कार्यालय, धरान, सुनसरी । |

५. आन्तरिक मामिला तथा कानुन मन्त्रालय

**विपद् व्यवस्थापन , यातायात व्यवस्थापन, लागु औषध नियन्त्रण , सम्बन्धी आयोजना**

**कानुनी क्षमता विकास/ सञ्चार तथा सूचना प्रविधि सम्बन्धी आयोजना/ कार्यक्रम आदी** - आन्तरिक मामिला तथा कानुन मन्त्रालय

६. सामाजिक विकास मन्त्रालय

**महिला,बालबालिका, ज्येष्ठ नागरिक, सामाजिक समावेशिकरण, अपाङ्गता भएका व्यक्ति सम्बन्धी कार्यक्रम**

**शिक्षा, युवा तथा खेलकुद सम्बन्धी आयोजना//कार्यक्रम**

**भाषा,लिपि,संस्कृति, संग्राहलय, पुरात्व, ललितकला संरक्षण, साँस्कृतिक धरोहर सम्बन्धी कार्यक्रम**

**श्रम रोजगार तथा सिप विकास सम्बन्धी कार्यक्रम आदी** - सामाजिक विकास मन्त्रालय

७. स्वास्थ्य मन्त्रालय

**स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी कार्यक्रम ,**

**स्वास्थ्य पूर्वाधार सम्बन्धी आयोजना, स्वास्थ्य उपकरण सम्बन्धी कार्यक्रम आदी** - जिल्ला स्थित स्वास्थ्य कार्यालयहरू

*पुनश्चः कुनै प्रकारको आयोजना माग प्रस्ताव गरिने कार्यालयको सम्बन्धमा द्विविधा भएमा कोशी प्रदेश सरकारको (कार्य विभाजन) नियमावली २०७९ (https://moial.koshi.gov.np/content/३०७/pradesh-sarkar/) बमोजिम पेस गर्न सकिनेछ ।*

कोशी प्रदेश सरकार
प्रदेश योजना आयोग
विराटनगर, नेपाल

उप-सचिव

ख. कार्यालयले अनलाइन प्रणालीमार्फत आयोजनाको प्रस्ताव पेस गर्नु पर्नेछ ।

१. आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन कार्यविधि,२०८२ मा भएको व्यवस्था बमोजिम "कार्यालय"ले योजना आयोगले उपलब्ध गराएको यूजर नेम र पासवर्ड प्रयोग गरी आयोजना बैङ्क सूचना प्रणालीमार्फत आयोजनाको प्रस्ताव प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ ।

२. कार्यालयलाई अभिमुखीकरण पश्चात् उपलब्ध गराइने प्रणालीको यूजर नेम र पासवर्डको उपलब्ध गराइनेछ। सो प्राप्त नभसम्मको लागि **आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन कार्यविधि,२०८२** बमोजिम आयोजनाहरूका सम्बन्धमा माग प्रस्ताव र अन्य अनुसूचीहरूका आधारमा वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण सम्बन्धमा पूर्व तयारी गर्न सकिनेछ ।

३. आयोजना बैङ्क सूचना प्रणालीमार्फत आयोजना प्रस्ताव गर्दा कायम रहेको न्यूनतम सीमा निम्न अनुसार हुनु पर्नेछ :

| क्र.सं. | आयोजनाको प्रकृति | रकम |
|---|---|---|
| (क) | सडक तथा पुल | - रू. १ करोड |
| (ख) | भवन | - रू. २५ लाख |
| (ग) | झोलुङ्गेपुल | - रू. २५ लाख |
| (घ) | सिंचाई | - रू. २५ लाख |
| (ङ) | शिक्षा तथा स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधार | - रू. २५ लाख |
| (च) | खेलकुद सम्बन्धी भौतिक पूर्वाधार | - रू. २५ लाख |
| (छ) | खानेपानी आयोजना | - रू. २५ लाख |
| (ज) | पर्यटन प्रवर्द्धन सम्बन्धी पूर्वाधार | - रू. ५० लाख |
| (झ) | धार्मिक तथा साँस्कृतिक क्षेत्रका पूर्वाधार | - रू. २५ लाख |
| (ञ) | कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी पूर्वाधार | - रू. २५ लाख |
| (ट) | शहरी क्षेत्रको ढल तथा नाली निर्माण | - रू. २५ लाख |
| (ठ) | प्रदेशको एकल अधिकार क्षेत्रभित्रका जुनसुकै पूर्वाधार | - रू. २५ लाख |
| (ड) | माथि उल्लेख भए बाहेकका अन्य आयोजना | - रू. २५ लाख |

तर बहुवर्षीय आयोजना सञ्चालन गर्दा अधिकतम सीमा- सामाजिक पूर्वाधारको आयोजना/कार्यक्रममा रु. १५ करोड र अन्य आयोजनाको हकमा ३० करोड भन्दा बढीको प्रस्ताव गर्न पाइने छैन् ।

*पुनश्च: थप जानकारीको लागि आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन कार्यविधि,२०८२ को अध्ययन (https://moial.koshi.gov.np/content/६०२/project-classification--base-and-criteria-determination-and/) गर्न सकिनेछ ।*

कोशी प्रदेश सरकार
प्रदेश योजना आयोग
विराटनगर, नेपाल

उप-सचिव